फोन नं. ४२००३१६
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.cc

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाण्डौ ।

**प.सं.:-वा.त.वि.व्य.शा./०७७/०७८**
**च.नं.:-** 26

मितिः २०७७/०४/२१

**विषयः संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी नमूना कार्यविधि सम्बन्धमा ।**

श्री गाउँपालिका (सबै)
श्री महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका (सबै) ।

वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ लागु भए पश्चात गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तथा संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी प्रतिवेदन तयारी तथा स्वीकृति गाउँपालिका/नगरपालिकाबाटै हुने व्यवस्था रहेको व्यहोरा विदितै छ । वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ उपदफा (२) (ग) मा "स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन भए प्रदेश कानूनले तोकेको प्रदेश सरकारको निकाय समक्ष" पेश गरी वातावरणीय अध्ययन प्रतिवेदन स्विकृती लिनुपर्ने प्रावधान रहेको छ । हाल कतिपय स्थानीय तहहरुबाट वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा सहजिकरणको लागि अनुरोध समेत भएको सन्दर्भमा वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी कार्यमा गाउँपालिका/नगरपालिकाको नीतिगत तथा संस्थागत क्षमता अभिबृद्धीको सहजिकरणका लागि मिति २०७७/०४/१९ को (मा. मन्त्रीस्तरीय) निर्णयानुसार स्वीकृत "......... **गाउँपालिका/नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७**" को नमुना यसै साथ संलग्न गरी प्रेषित गरिएको व्यहोरा अनुरोध छ ।

2077/04/21

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनुहुन) ।